# आर्थिक वर्ष २०८१।०८२ को दोस्रो चौमासिक अवधि सम्मको सार्वजनिक सुनुवाई

मितिः २०८२ साल बैशाख ३० गते मंगलबार

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ

## आ.व. २०८१।०८२ को दोस्रो चौमासिक अवधिमा यस नगरपालिकाबाट भएका वार्षिक प्रगति र केही महत्त्वपूर्ण कार्यहरूको संक्षिप्त विवरणः

- यस आ.व. २०८१/८२ को बजेट र खर्च सम्बन्धमा
  - कुल स्वीकृत बजेट रु १ अरब ११ करोड ८९ लाख ८५ हजार ५ सय ९६ मध्ये खर्च रकम रु ५४ करोड ६ लाख ५४ हजार ५ सय ६९ रहेको छ, अर्थात कुल स्वीकृत रकमको ४८.३१ प्रतिशत ।
  - जम्मा चालु तर्फ विनियोजित रकम रु. ५१ करोड ९२ लाख ७९ हजार ४ सय ४३ मध्ये रु ३० करोड १७ लाख ६७ हजार ३ सय ५७ खर्च भई वित्तिय प्रगति ५८.११% रहेको ।
  - जम्मा पूंजिगत बजेट रु ५९ करोड ९७ लाख ६ हजार १ सय ५३ मध्ये रु २३ करोड ८८ लाख ८७ हजार २ सय ११ खर्च भई वित्तिय प्रगति ३९.८३% रहेको ।
  - क्षेत्रगत बजेट विनियोजन र यस आ.वमा हाल सम्म भएको खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | वित्तिय प्रगति (%) |
|---|---|---|---|---|
| | | रकम | रकम | |
| १ | आर्थिक विकास | ४,३७,३२,३३२.०० | १,२६,८९,३१६.०० | २९.०२ |
| २ | सामाजिक विकास | ३०,८८,१०,६३५.०० | १८,२९,८०,३४५.०० | ५९.२५ |
| ३ | पूर्वाधार विकास | ५६,०३,८३,५३८.०० | २३,२४,१६,२११.०० | ४१.४७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,४४,५४,६१२.०० | ७६,३५,३७७.०० | ३१.२२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६,६६,०४,४७९.०० | १०,१९,३३,३१७.०० | ६१.१८ |

## १. प्रशासन, कानून निर्माण एवम् संस्थागत विकास तर्फः

- हालसम्ममा ११ वटा नियमित तथा २ वटा बिशेष गरि जम्मा १३ वटा नगरसभा अधिवेशन सम्पन्न भएका छन् ।
- हाल सम्म १३० वटा कार्यपालिका बैठक बसेको जसमध्ये दोस्रो चैमासिक अवधिमा ६ वटा कार्यपालिका बैठक बसेको ।
- नगर कार्यपालिकाको कार्यालयमा राखिएको उजुरी तथा सुझाव पेटिका साप्ताहिकरुपमा खोल्ने गरिएको ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गरी कुल दरबन्दी संख्या १८८ स्वीकृत भएकोमा पदपुर्ति संख्या १४१ र रिक्त संख्या ४७ रहेको छ । साथै रिक्त पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग समक्ष पठाईएको ।
- हालसम्म कार्यपालिका र नगरसभाबाट निम्नानुसारका जम्मा १३३ वटा कानुनहरु निर्माण भएका छन् ।

| | |
|---|---|
| क. ऐन | - ३८ वटा |
| ख. आचारसंहिता | - ३ वटा |
| ग. निर्देशिका | - १४ वटा |
| घ. कार्यविधि | - ६६ वटा |
| ङ. नियमावली | - १० वटा |
| च. नीति | - १ वटा |
| छ. मापदण्ड | - १ वटा |

## २) भौतिक विकास तर्फः

- उर्लाबारी नगरपालिका वडा नं ३ र २ कृष्ण चैक देखि सुनझोडा सामुदायिक वन सम्मको सडक स्तरोन्तिको कार्य भइरहेको।
- वेतनी सिम्सार स्थित सामुदायिक भवनको सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भएको।
- वडा नं ३ स्थित अपाङ्ग मैत्री भवनको निर्माण कार्य सम्पन्न भएको।
- संघीय सरकारको विशेष अनुदान मार्फत संचालन योजना अन्तरगत विद्यालयहरुको टिनको छाना फेर्ने कार्य सम्पन्न भएको साथै उक्त योजना अन्तरगत भवन निर्माणका कार्यहरु समेत सम्पन्न हुने अवस्थामा रहेको।
- कृषि हाटबजार निर्माण कार्य उर्लाबारी-३, चन्दने र मंगलबारे बजारको सम्पन्न भएको ।

- उर्लाबारी बसपार्क निर्माण, उर्लाबारी-६ को ठेक्का आवहान भई प्रस्तावहरु मुल्याङ्कनको क्रममा रहेको ।
- संघिय समपुरक योजना अन्तरगत उर्लाबारी-९ लामाटोली सडक कालोपत्रे तथा प्रदेश समपुरक योजना तर्फ उर्लाबारी-१ कार्की चोक-फट्टे टोल योजना निर्माण सम्पन्न हुने क्रममा रहेको ।
- यस साथै भौतिक पूर्वाधार तर्फको प्रमुख परीमाणात्मक प्रगति विवरणः-
  - कालेपत्रे — ८.८६ कि.मि.
  - ड्रेन — ५८४ मि.
  - ग्राभेल — ६.८८ कि.मि.
  - पेभिङ व्लक — ८९८ मि.
  - साइडवाल — ३ कि.मि.
  - पुल/कल्भर्ट - ४ वटा
  - भवन मर्मत/निर्माण — २६ वटा

### ३) शिक्षा, युवा तथा खेलकुद विकास तर्फः

- विद्यालयहरुको अनुगमन गरी विद्यालयको भौतिक अवस्था, शिक्षकको नियमितता, लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन लगायतका पक्षहरुको अनुगमन तथा निरीक्षण गरिएको ।
- राष्ट्रिय योजना आयोगबाट शैक्षिक गुणस्तरका लागि आएको कार्यक्रम कार्यान्वयन गर्नका लागि हरेक विद्यालयहरुको आवश्यकता पहिचान गरि कार्य-योजना निर्माण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिएको ।
- खेलकूद प्रवर्धन तथा विकासका लागि विनियोजन भएको रकमको बाँडफाँड गरी खेलकूदका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको ।
- नियमानुसार प्रथम, दोश्रो र तेस्रो त्रैमासिक तलब -भत्ता ,दिवाखाजा ,विद्यालय व्यवस्थापन अनुदान लगायतको रकम निकासा गरिएको ।
- शिक्षकहरुलाई कम्प्युटर सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- बालविकास केन्द्रलाई सबलिकरण गर्ने प्रयोजनार्थ सबै सामुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन —सुपरिवेक्षण गरी आवश्यकताको विश्लेषण गरी कार्यक्रम कार्यान्वयनको प्रक्रिया अघि बढाइएको ।
- शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका प्राथमिक तहका ५ जना शिक्षकहरुलाई पालिकाभित्रका ४ वटा विद्यालयहरुमा पदस्थापन गरिएको ।
- संघीय ससर्त अनुदानबाट प्राप्त ICT कार्यक्रम विद्यालयलाई उपलब्ध गराइएको ।

४) **स्वास्थ्य सेवातर्फ**:

- आ व २०८०/०८१ को स्वास्थ्य कार्यक्रमहरु तथा पोषण कार्यक्रमको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- विश्व रेबिज दिवस कार्यक्रम सम्पन्न गरिएको छ।
- ४० जना अति बिपन्न, गरिब, सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्यसेवा तथा दिर्गरोगहरुको उपचारको लागी आर्थिक सहायता प्रदान गरिएको छ।
- बिपन्न नागरिकहरुलाई उपचार सहुलियत दिदै आएका रोगहरुका बिरामीलाई यातायात खर्च बापत ७ जनालाई-रु ६०,०००। एम्बुलेन्स भाडा प्रदान गरिएको छ।
- ५० नया बिपन्न परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्द गरिएको छ र हालसम्म जम्मा १८४३ बिपन्न परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्द गरिएको छ।
- बिपन्न नागरिकहरुलाई कडा आठ रोगहरुको एकलाख बराबरको सहुलियत उपचारको लागि ८६ जना बिरामिहरुलाई सिफारिस गरिएको छ।
- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा उपचार सहायता कार्यक्रम अन्तर्गत ७ जना बिरामिहरुलाई उपचारको लागि सिफारिस गरिएको छ ।
- ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई दोस्रो चरणको भिटामिन ए क्याप्सुल तथा जुकाको औषधि वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- नियमित खोप सुदृधिकरण,पूर्ण खोप सुनिस्चितता र दिगोपनाको लागि सुक्ष्म योजना अधावधिक सम्बन्धि समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- ३,८६१ जना कक्षा ६ देखि १० सम्मका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्दको HPV खोप लगाइएको छ ।
- बिधालय स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गरिएको छ।
- स्थानिय तहमा उत्तर प्रसुति घरभेट कार्यक्रमको समिक्षा सम्पन्न गरिएको छ।
- १३७ जना मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामिहरुलाई औषधि उपचार बापत मासिक ५ हजारको दरले उपचार खर्च उपलब्ध गराईएको छ।
- सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- महिला स्वास्थ्य स्वयसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

**५) सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन सम्बन्धीः**

- ई-गभरनेन्सको अवधारणलाई कार्यान्वयनमा ल्याउन साथै नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य सम्पादन चुस्त, दुरुस्तरुपमा सम्पन्न गर्न सञ्चालनमा रहेको अफिस अटोमेसनलाई अध्यावधिक र थप परिष्कृत गर्दै लगिएको ।
- सुशासन कायम गर्न नगरपालिका र अन्तर्गतका कार्यालयमा विधुतिय हाजिरीको व्यवस्था गरिएको ।
- नगरपालिकाको ठेक्का प्रणालीलाई E-bid मार्फत सञ्चालन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै ४४ वटा योजना तथा कार्यक्रमको ठेक्का प्रकृया विद्युतीय ठेक्का प्रणालीबाट सम्पन्न गरिएको ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ल्याउन नगरपालिकाको कार्यालय र वडा कार्यालयमा रहेको सिसिटिभि क्यामेरालाई नियमित मर्मत गरिएको साथै यस आ.व.मा नगरको विभिन्न सार्वजनिक स्थलमा सिसिटिभि क्यामेरा जडान गरिएको ।
- नगरबाट भए/गरेका काम कारवाहीको अध्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरुपमा नगरपालिकाको वेबसाईट मार्फत स्वतः प्रकाशन प्रकाशन गरिदै आएको ।
- विधुतिय सूचना प्रणाली Web Sms सञ्चालनमा रहेको ।
- नगरपालिका र वडा कार्यालयमा प्रयोगमा आएका कम्प्युटर, प्रिन्टर, सफ्टवेयर लगायतका उपकरणहरुमा आएका समस्याहरुको प्राविधिकरुपमा समाधानका लागि प्रयास गरिदै आएको ।
- गरिव घरपरिवार पहिचानका लागि प्रारम्भिक सूची ७२१ जनाको प्रकाशन गरिएकोमा गुनासो सुनुवाईको कार्य सम्पन्न गरिएको ।

**६) कृषि शाखा अन्तरगतः**

- ५०% अनुदानमा मौरीलाइ कृत्रिम आहारा (चिनि-३४३१ के.जी. र सातु- ५०२ के.जी) वितरण कार्यक्रम सञ्चालन गरिएको ।
- फुलखेती प्रबर्द्धन (सयपत्री फुलको विउ-२३ प्याकेट, ढुशिनाशक विषादी-३५ प्याकेट, शुक्ष्मखाद्यतत्व-३१ प्याकेट, पि.जि.आर-३० बोतल र प्राङ्गारिक मल-२००० के.जी.) कार्यक्रम सञ्चालन गरिएको ।
- खद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान (धान, गहुँ) (गहुँको विउ वितरण- ९००० के.जी) कार्यक्रम संचालन गरिएको ।
- उन्नत जातको मकैको विउ वितरण कार्यक्रम (५०% अनुदानमा) (सि.पी. ८०८ जातको मकैको विउ वडा नं १,२,४,५,६,९ मा ४२९० के.जी) कार्यक्रम संचालन गरिएको ।
- मकै छोडाउने मेशिन वितरण कार्यक्रम ७५% अनुदान वडा नं. २, ४, ५ र ६ मा- २२ थान वितरण कार्यक्रम संचालन गरिएको ।

- मकै रोप्ने मेशिन वितरण कार्यक्रम ७५% अनुदान वडा नं. २, ५ र ६ मा- ३६ थान वितरण कार्यक्रम संचालन गरिएको ।
- विषादी छर्ने स्प्रेयर वितरण कार्यक्रम ७५% अनुदान वडा नं. २,६ र ७ मा- ४५ थान वितरण कार्यक्रम संचालन गरिएको ।
- चैतेधान प्रबर्द्धन कार्यक्रम (चैतेधान आत्मनिर्भर कार्यक्रम) (चैते धानको विउ हर्दिनाथ १-१४००० के.जी, विषादी (बेबिष्टिन)-२८० प्याकेट, त्रिपाल (१२*१५)-२६५ थान, प्लाष्टिक (ओडाउने)-३४० मिटर र सप्रेयर (टु इन वान)- ९४ थान
- बगर खेती विकास कार्यक्रम (५०% अनुदान) खरबुजाको विउ- ३९७ प्याकेट, मल्चिङ्ग प्लाष्टिक- २४ रोल, स्प्रेयर —३० थान, फेरोमेन ट्र्याप-८०० पिस, प्राङ्गारिक मल-२००० के.जी वितरण कार्यक्रम संचालन गरिएको ।
- तरकारीको विउ वितरण ५०% अनुदान कार्यक्रम वडा नं. १,३, र ५ मा स्वास फर्सी-५५ प्याकेट, काक्रा- १५२ प्याकेट, बोडी-११४ प्याकेट, करेला-९९ प्याकेट, भिण्डी-५८ प्याकेट वितरण कार्यक्रम संचालन गरिएको ।
- मकैको विउ खरिद कार्यक्रम वडा नं. ६ टि एक्स ३६९ मकैको विउ १५२ के.जी वितरण कार्यक्रम संचालन गरिकएको ।
- माटो परिक्षणको लागि रिएजेन्ट तथा कृषि सामाग्री तौल गर्नका लागि डिजिटल तराजु, मोइस्चर मिटर खरिद कार्यलयको लागि तराजु- ५ थान,, मोइस्चर मिटर-२ थान, र ३०० स्याम्पल माटो परिक्षण कार्यक्रम संचालन गरिएको
- ५०% अनुदानमा मल्चिङ प्लाष्टिक वितरण १७५ रोल वितरण कार्यक्रम संचादन गरिएको
- माटो सुधारको लागि शुक्ष्मखाद्यतत्व ५०% अनुदानमा दानेदार प्राङ्गारिक मल- १९००० के.जी र दानेदार शुक्ष्मखाद्यतत्व -१००० के.जी. वितरण कार्यक्रम संचालन गरिएको ।

**७) पशु स्वास्थ्य विकास कार्यक्रम तर्फः**

- प्रयोगशाला सेवाः

  गोबर परिक्षण/पिसाब परिक्षण/दुध परिक्षण/रगत परिक्षण समेत प्रगति संख्याः २७२ (लाभान्वित संख्याः २६६ जना
- पशु स्वास्थ्य प्रबर्धन तथा पशुपन्क्षि उपचार/ माइनर सर्जिकल उपचार सेवाः

  गाइभैसि/बाख्रा/बंगुर/कुखुराहाँस/कुकुर आदि प्राथमिक उपचार तथा परजिबि नियन्त्रण संख्याः ४१,९५५ लाभान्वित संख्याः ५८१९ जना

- कृत्रिम गर्भाधान नश्ल सुधार कार्यक्रमः

  कृत्रिम गर्भाधान प्रगति संख्याः १६८८ (गाईः १५७५ भैसिः १०८ बाख्राः ५) लाभान्वित संख्याः १६८८
- रोग निरोधक खोप कार्यक्रमः
  - लम्पि स्किन डिजिज खोपः ७००डोज
  - खोरेत खोपः ११५००
  - रेविज खोपः ९२६ डोज
  - पि पि आर खोपः १०६०० संचालनमा रहेको
  - स्वाइन फिबर खोपः ४४०० संचालनमा रहेको
- रेविज सप्ताहा रेबिज दिवसः

  कार्यक्रम प्रगति २७४ खोप लाभान्बित संख्याः २७४
- सामुदायिक कुकुर बन्ध्याकरण शिविर कार्यक्रमः

  सम्पन्नः १७५ कुकुर बन्ध्याकरण
- हिउदे घाँस जै बर्षिम बीउ बितरण ७५ प्रतिशत अनुदानः

  जै बिउ बितरण २५०० के.जि. लाभान्वित संख्याः ५०५ जना
- बर्षे घाँस टियोसेन्टि/सुडान बीउ बितरण ५० प्रतिशत अनुदानः

  टियोसेन्टि बिउ बितरण २२०० के.जि. लाभान्वित संख्याः ३४१जना
- शाखाका अन्य नियमित कामहरुः
  - समुह दर्ता सुचिकृतः २ गोटा
  - समुह समिति नबिकरणः १९
  - व्यवसायिक पशुपन्क्षि फार्म नबिकरणः२७
  - पशु मृत्यू बिमा दाबि भुक्तानि सिफारिसः ३७ गोटा
  - प्रगति प्रेषण/इपिडिमियोलोजिकल रिपोर्टिङ्गः ९ पटक
  - पशु प्राबिधिक दर्ताः १७

**८) महिला बालबालिका ज्येष्ठ नागरिक तथा सामाजिक विकास कार्यक्रम तर्फः**

- ३४ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अपांगता दिवस तथा ११५ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको
- ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम सम्पन्न
- बालमैत्री स्थानीय शासन र बाल अधिकार समितिको बैठक कार्यक्रम सम्पन्न
- प्रत्येक वडामा गठन भएका महिला समिति अध्यक्ष र सचिव माझ अन्तरक्रिया कार्यक्रम सम्पन्न

- उपमेयरसँग किशोर किशोरी कार्यक्रम सन्चालनमा रहेको
- व्यवसायिक सम्भाव्यता अध्ययन
- ९ वटा वडामा ज्येष्ठ नागरिक समिति गठन
- GESI audit सम्पन्न गरिएको ।
- सीप विकास तालिम सम्पन्न गरिएको ।
- अल्जाइमर सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न ।

**अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम तर्फ**

- मिलिजुली समूहका लागि बचत तथा ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम सम्पन्न
- अपांगता भएका व्यक्तिहरुका लागि परिचय पत्र वितरण शिविर सन्चालन
- अन्तराष्ट्रिय अपांगता दिवस मनाइएको
- अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारमा सहयोग
- व्युटी पार्लर तालिम सन्चालनमा रहेको

**परिचय पत्र वितरण**

- अपांगता परिचय पत्र जम्मा ९२ थान वितरण
- ज्येष्ठ नागरिक परिचय जम्मा १०४ थान वितरण

**मेडपा तर्फ**

- उद्यम विकासका लागि सामाजिक परिचालन सहभागितामूलक ग्रामीण लेखाजोखा PRA कार्यक्रम ७० जना
- उद्यमशीलता विकास तालिम ८ दिने २० जना
- ढाका बुनाई तालिम सन्चालनमा रहेको
- स्तरोन्नति सिलाई कटाई तालिम सन्चालनमा रहेको

**९) भवन तथा बस्ती विकास तर्फः**

- यस आ.व. मा
    - नयाँ घर निर्माण इजाजतका लागि निबेदन दर्ता — १५५
    - निर्माण इजाजत लिएको (निर्माणधीन) - ८९
    - जम्मा घर निर्माण सम्पन्न — १२५
    - नामसारी प्रमाण पत्र जारी संख्या - २०
    - पुरानो घर नक्शा अभिलेखिकरण निबेदन दर्ता — ७६
    - पुरानो घर नक्शा अभिलेखिकरण सम्पन्न — ५१

## १०) सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः

- आ.व. २०८१/०८२ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वायोमेट्रिक प्रविधि बाट नविकरण तथा नया दर्ता गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागले उपलब्ध गराएको १० वटा डिभाइस प्रत्येक वडा तथा नगरपालिकामा सेटअप गरि संचालनमा ल्याइएको ।
- यस आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ६६६० जना लाभग्राहीहरुको नविकरण बायोमेट्रिक तथा सामान्य विधिबाट श्रावण र भाद्र महिनामा सम्पन्न गरिएको छ ।
- प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ६८७८ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड एक लाख अर्सठी हजार एक सय सर्चालिस रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७०४५ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड पन्ध्र लाख चौवन्न हजार सात सय त्रिचालिस रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- तेस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७१७७ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड अठ्ठाइस लाख बाइस हजार दुई सय एकत्तर रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- यस आ.व. को चैत्र मसान्त सम्ममा जन्मदर्ता संख्या ७६८, मृत्युदर्ता संख्या ३७७, विवाह दर्ता संख्या ४००, सम्बन्ध विच्छेद संख्या ८२, बसाई सराई आएका दर्ता संख्या ३६३ र बसाई सराई गएका दर्ता संख्या १९३ गरि जम्मा २१८३ वटा घटना दर्ता भएका छन् ।

## ११) सहकारी तथा संघ संस्था तर्फः

- आ.व. २०८१/०८२ को चैत्र मसान्त सम्म ५ वटा गरि जम्मा १७ वडा सामाजिक संस्था दर्ता गरिएको छ ।
- सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुका लागि सहकारी व्यवसायिक योजना सम्बन्धि ३ दिने तालिम कार्यक्रम सम्पन्न गरिएको ।
- सहकारी संस्थाहरुको अनुगमन कार्य संचालन भइरहेको छ ।

## १२) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः

- ३० वटा श्रममूलक आयोजना सम्झौता भएको जस मध्ये ११ वटा योजना भुक्तानि भएको र १३५ जना सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गरिएको ।

- श्रम स्विकृति तथा पुनःश्रम स्विकृतिका निम्ति सहजिकरण गरि हाल २९९ जना व्यक्तिलाई पुनःश्रम स्विकृति पत्र दिइएको ।
- वैदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारलाई वैदेशिक रोजगार बोर्डवाट प्रदान गर्ने कल्याणकारी सेवा अन्तर्गत मृत्युको क्षतिपुर्ति रकम ५ जना व्यक्तिलाई र पारिवारिक स्वास्थ्य उपचारको लागि ६ जना गरि जम्मा ११ जना व्यक्तिलाई आर्थिक सहयोग दिलाउन फारम अगाडी बढाईएको साथै २०जना बालबालिकालाई छात्रवृत्ति दिलाउन सहजिकरण गरिएको ।
- कार्यस्थलमा आधारित ५० दिनको (डकर्मी तालिम) सम्पन्न भएको ।
- रोजगारीमा खटिनुपुर्व श्रमिकसँगको अभिमुखिकरण कार्यक्रम ९ वटा वडामा सम्पन्न भएको ।
- रोजगार संवाद मञ्च अन्तर्गत सरोकारवाला निकाय र रोजगार प्रदायक संस्थासंग छलफल तथा अन्तर्कृया कार्यक्रम सम्पन्न भएको ।
- रोजगार रणनीतिको अध्यावधिक गर्ने काम प्रक्रियामा रहेको ।
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गर्ने सीपमुलक तालिम (इलेक्ट्रिसियन, प्लम्बर र हाउस पेन्टिङ्ग) का लागि सूचना प्रकाशन गरि सहजिकरण गरिएको ।

**१३) नगरपालिकाले संकलन गरेको आन्तरिक राजश्व तर्फः**

- यस आ.व.मा आन्तरिक राजश्व तर्फ रु. ७ करोड ४१ लाख ७८ हजार अनुमान गरिएकोमा कुल अनुमानको ७५.८१ प्रतिशत रु. ५ करोड ६२ लाख ३९ हजार १९१ संकलन भएको छ ।

**१४) सेवा प्रवाह तर्फः**

- यस आ.व को मिति २०८२/०१/२६ सम्म नगर तथा वडाबाट दैनिक सेवा प्रवाहमा विभिन्न प्रकृतिका जम्मा संख्या ११,७९४ वटा सिफारिस गरिएको ।

**१५) न्यायिक समितिबाट भएका कार्यः**

- जग्गा खिचोला/ किचोला सम्बन्धी विवाद २० दर्ता भई ४ वटा विवाद समाधान भएको, १६ वटा विवाद प्रक्रियामा रहेको,
- आर्थिक लेनदेनको विवाद १४ दर्ता भई ४ वटा विवाद समाधान भएको, १० वटा विवाद प्रक्रियामा रहेको,
- पारिवारिक विवाद ३ वटा दर्ता भई २ (दुइ) विवाद मिलापत्र भएको र १(एक) विवाद प्रक्रियामा रहेको,
- ज्याला मजदुरी सम्बन्धी विवाद १(एक) वटा दर्ता भई १(एक) विवाद मिलापत्र भएको,
- ज्येष्ठ नागरिक सम्बन्धी विवाद १(एक) दर्ता भई १ मिलापत्र भइसकेको,
- कुखुराको खोर सम्बन्धी विवाद १(एक) दर्ता भई १ (एक) मिलापत्र भएको

- गाली वेइज्जती सम्बन्धी विवाद १ (एक) दर्ता भई १(एक) वटा विवाद मिलापत्र भइसकेको,
- घरभाँडा सम्बन्धी विवाद २(दुइ) दर्ता भई २ दुइ मिलापत्र भएको
- फैसला कार्यान्वयन सम्बन्धी विवाद २ (दुइ) दर्ता भई १(एक) मिलापत्र र १(एक) विवाद प्रक्रियामा रहेको,
- श्रीमान श्रीमतीको झगडा सम्बन्धि विवाद ३(तिन) वटा दर्ता भइ २ मिलापत्र भएको र १ प्रक्रियामा रहेको
- साँध सिमानामा बोटविरुवा लगाएको सम्बन्धि विवाद २ (दुइ) दर्ता भइ १ विवाद समाधान भएको र १ विवाद प्रकृयामा रहेको
- बाटो सम्बन्धि विवाद १ दर्ता भइ प्रकृयामा रहेको
- पैनी निर्माण सम्बन्धि विवाद १ दर्ता भइ प्रकृयामा रहेको
- जम्मा
  - दर्ता भएका जम्मा बिवाद संख्या : ५२ वटा
  - समाधान भएको विवादको संख्या : २० वटा
  - प्रक्रियामा रहेका विवाद : ३२ वटा

**१६) आपतकालिन कार्यसञ्चालन केन्द्र तर्फः**

- उर्लाबारी नगर कार्यपालिकाको कार्यालयमा २४ सैं घण्टा सूचना तथा सञ्चार व्यवस्थापनका लागि आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालनमा रहेको ।
- बारुणयन्त्रबाट नगरक्षेत्रका जम्मा २२ वटा र नगरक्षेत्र बाहिरका जम्मा १८ वटा आगलागीका घटनामा नियन्त्रणको कार्य गरिएको ।
- नगरपालिकाबाट सञ्चालित एम्बुलेन्सबाट १२३ जनालाई निशुल्क र ८३ जनालाई श-शुल्क गरि जम्मा २०६ जनालाई सेवा प्रदान गरिएको छ ।
- नगरपालिकाबाट सञ्चालित शववाहनबाट १६४ जनालाई निशुल्क र २१ जनालाई श-शुल्क गरि जम्मा १८५ जनालाई सेवा प्रदान गरिएको छ ।
- विभिन्न विपद्का घटना (आगलागी, हात्ति पिडित, हावाहुरी, माछा क्षतिपुर्तिले क्षति) बाट पिडित परिवार संख्या २१ लाई राहत स्वरुप जम्मा रकम रु. ३,६२,०००।० प्रदान गरिएको ।
- विपन्न आर्थिक सहायता बाट ३७ जना लाई रु २,८९,०३२।० प्रदान गरिएको छ ।

**१७) वैदेशिक रोजगारबाट फर्केका व्यत्तिक पुनःएकिकरण (रेमी) परियोजनाबाट भएका कार्यः**

- वडाका बिभिन्न १० स्थानमा २५६जना सहभागीलाई फिर्ता तथा पुनः एकिकरण अभिमुखिकरण कार्यक्रम सहभागी गराई कार्यक्रम संचालन गरियो ।
- सबै वडाका स्वास्थ्य स्वयंसेबिकाहरुलाई २ दिनको मनोसामाजिक अभिमुखिकरण कार्यक्रम संचालन गरियो ।

- वडा नं ७ मा २४ जना सहभागीहरुलाई बित्तिय साक्षरता तथा विप्रेशण सम्वन्धी कक्षा संचालन गरियो ।
- वडाका बिभिन्न ७ स्थानमा सामाजिक अभिमुखिकरण कार्यक्रम  संचालन भएको ।
- बैदेशिक रोजगारबाट फर्केका ब्यक्ति तथा निजका परिवाका सदस्यहरु समेत गरी जम्मा  ३७ जना सहभागीलाई ७ दिनको स्वरोजगार प्रवर्दनको लागि उद्यमसिलता बिकास तालिम  प्रदान गरियो ।
- ८ वटा स्थानिय स्तरका बैक /बित्तिय संस्था र ३५ जना उद्यमी नगर तथा वडा संजालको प्रतिनीधीहरुको उपस्थितिमा  बैक र बित्तिय संस्था र उद्यमी बीच समन्वय तथा छलफल कार्यक्रम संचालन गरियो ।

**१८) वैदेशिक रोजगारीमा जाने व्यत्तिको सहजिकरन (सामी) कार्यक्रमबाट भएका कार्यः**

- रिटर्नी स्वयंसेवकले बिभिन्न टोल तथा बस्तीहरुमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी २३६४ घरमा घरभेट तथा सुचना प्रदान गरेको ।
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदायमा २८ वटा गहन अभिमुखिकरण कार्यक्रम गरिएको ।
- वैदेशिक रोजगारीमा गएका व्यक्तिका ४० जना परिवारलाई व्यक्तिगत मनोसामाजिक परामर्श सेवा प्रदान गरेको ।
- वित्तिय साक्षारता तथा मनोसामाजिक परामर्श कक्षा उर्लाबारी वडा नं. १ र ८ मा १५ कक्षा सम्पन्न गरिएको ।
- इलाका प्रशासन कार्यलयमा पासपोर्ट बनाउन आउने तथा वैदेशिक रोजगारिमा जान लागेका व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी ५४८२ जना लाई सुचना तथा परामर्श गरिएको ।